# SCHOOLS' ALLIANCE FOR ACADEMIC TRANSFORMATION
## SAAT

SAAT1051

## पुर्व आधारभूत शिक्षा परिक्षा-२०८२

विषय: सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा  समय: २:०० घण्टा  पूर्णाङ्क: ५०

*विद्यार्थीहरूले उत्तर दिँदा आफ्नै शब्दमा दिनुपर्ने छ । विद्यार्थीका त्यस्ता मौलिक तथा सिर्जनात्मक उत्तरलाई बढी प्रोत्साहन दिइनेछ:-*

### समूह 'क'

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

**तलका प्रश्नहरूको अति सङ्क्षिप्त उत्तर दिनुहोस् :-** ९×१=९

१. नेपालमा रहेका तीन तहका सरकारहरू कुन कुन हुन् ? लेख्नुहोस् ।
२. रोदी परम्पराको कुनै एक महत्व लेख्नुहोस् ।
३. विद्यार्थीहरूको व्यक्तित्व विकास र अनुशासनमा स्काउटले कसरी सहयोग पुऱ्याउँछ ?
४. प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्य हुन कति कति उमेर पुग्नुपर्छ ?
५. फजुल खर्च नियन्त्रणसँग सम्वन्धित नारा सहितको एउटा प्लेकार्ड तयार पार्नुहोस् ।
६. लागुपदार्थ दुर्व्यसनबाट बच्न अपनाइने कुनै दुई उपायहरूको सूची बनाउनुहोस् ।
७. वित्तीय संस्थाबाट हामीले प्राप्त गर्ने कुनै एक आर्थिक लाभ लेख्नुहोस् ।
८. तपाईंले नेपाली नोटको जतन गर्नको लागि गरिरहनुभएको एउटा कार्य लेख्नुहोस् ।
९. बिमस्टेक नामको क्षेत्रीय सहयोग सङ्गठन कहिले स्थापना गरिएको थियो ? पूरा मिति लेख्नुहोस् ।

### समूह 'ख'

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :-** ७×३=२१

१०. सङ्घीयतालाई परिभाषित गर्दै यसका कुनै दुई महत्वहरू उल्लेख गर्नुहोस् ।
११. कुनै पनि द्वन्द्व व्यवस्थापनमा मध्यस्थकर्ताले कस्तो भूमिका खेल्नुपर्छ ? छोटकरीमा वर्णन गर्नुहोस् ।
१२. तपाईंको समुदायमा प्रचलित धार्मिक क्रियाकलापले आपसि सद्भाव र भाइचारा बढाउन कसरि मदत पुऱ्याएको छ ? छोटकरीमा चर्चा गर्नुहोस् ।
१३. जलवायु परिवर्तनका कुनै तीन कारण लेखी त्यसको समाधानका उपायहरू लेख्नुहोस् ।
१४. नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण कस्तो छ ? तराईमा जनसङ्ख्या बढी हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।
१५. प्राचीन ग्रीकलाई किन प्रजातन्त्रको जननी मानिन्छ ? छोटकरीमा वर्णन गर्नुहोस् ।
१६. संयुक्त राष्ट्र सङ्घको छोटो परिचय दिँदै यसका कुनै दुई उद्देश्यहरू समेटेर आफ्नो साथिलाई चिठी लेख्नुहोस् ।

### समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :-** ४×५=२०

१७. समावेशीकरण भनेको के हो ? यसका प्रमुख फाइदाहरू वर्णन गर्नुहोस् ।
१८. नेपाल शब्दको उत्पत्तिसम्बन्धि कुनै ५ वटा मुख्य किंवदन्तीहरु लेख्नुहोस् ।
१९. व्यापारिक कारोबार केलाई भनिन्छ ? आन्तरिक र वाह्य व्यापारमा ४ वटा फरक देखाउनुहोस् ।
२०. पृष्ठभरि नेपालको नक्सा बनाउँदै उपयुक्त सङ्केतका सहायताले दिएको तथ्य भर्नुहोस् ।
सैपाल हिमाल, रारा ताल, अरनिको राजमार्ग, चाँगुनारायण मन्दिर

□□□□□